# सिस्ने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
५ नं. प्रदेश नेपाल

सूचना नं.: ३८

अत्यन्त जरूरी सूचना !

तेस्रो पटक प्रकाशित मिति: २०७५।११।१५

विषय: संरचना हटाउने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सिस्ने गाउँपालिकाको वडा नं. ५ स्थित मध्यपहाडी लोकमार्गको जिरो प्वाइन्ट कमलदहदेखि खाराचोक, गाउँपालिका कार्यालय हुँदै कमलदह जिरो प्वाइन्ट (११०० मिटर) र ६ नं. वडास्थित मध्यपहाडी लोकमार्ग जिरो प्वाइन्ट छिप्रिदहदेखि छिप्रिदह बजारहुँदै ६ नं. वडा कार्यालय रहेको स्थान (५०० मिटर) भित्र सडक स्तरोन्नतिको कार्य प्रारम्भ भएकोले उक्त क्षेत्रमा सडकको निर्धारित मापदण्ड (८ मिटर) भित्र निजी तथा सार्वजनिक जग्गामा निर्मित घर, टहरा, पर्खाल लगायतका संरचना हटाउन यस अघि दुइपटक सूचना प्रकाशन भइसक्दा समेत कतिपय संरचनाहरु हालसम्म पनि नहटाइएकोले अन्तिम सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र संरचनाहरु हटाइ सडक स्तरोन्नतिको कार्यमा सहयोग गरिदिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र संरचना नहटाएमा त्यसबाट सृजित क्षति सम्बन्धित पक्षले नै व्यहोर्नु पर्ने व्यहोरा समेत अनुरोध गर्दछौं ।

२०७५।११।१८

विमला रोका श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

कुमारी बराल (गौतम)
अध्यक्ष

कुमा...
गाउँपालिका अध्यक्ष